Prepp
Your Personal Exams Guide

## PART-IV

## LANGUAGE-I

## NEPALI

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

**निर्देश : निम्नलिखित गद्यपाठ पढेर उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरू (91-99) का उत्तर दिनु होस्।**

हर्कमान बिस्तार-बिस्तार उकालो हिँड्दै थियो, पछि पछि छाता ओढेर एकजना मान्छे आउन लागेको उसले देख्यो। अब त एउटा साथी पनि भयो, गफ गर्दै-गर्दै बाटो काट्न पनि सजिलो पर्ला भन्ने उसलाई लाग्यो। एक छिनपछि त्यस मान्छेले हर्कमानलाई भेटिहाल्यो तर त्यो मान्छे भने हर्कमानसँग बोल्दै नबोली सुरुसुरु हिँड्न थाल्यो। हर्कमानले उसलाई बोलाउँदै भन्यो, 'ए दाज्यू! तपाईं बोल्दा पनि बोल्नु हुन्न। केही कुरा त गरौँ र गफ गर्दै यो उकालो काटौँ।' तैपनि त्यो मान्छे उससँग बोलेन लुरुलुरु हिँडी नै रह्यो। फेरि हर्कमानले भन्यो, 'हैन किन नबोलेको, ए दाज्यू?' यसपल्ट त्यस मान्छेले भन्यो, 'एकबाजि बोलेको एक रुपियाँ लाग्छ।' हर्कमानले छक्क परेर विचार गऱ्यो-यो मान्छेले एक रुपियाँ लिएर कस्तो बोल्ला त सुनिहालौँ न। जेसुकै होस् बाह्र पाथी मकै लाने ठाउँमा आठै पाथी लैजाऊँला, यसको एउटा बोली त सुन्नै पऱ्यो। एक रुपियाँ दिँदै हर्कमानले भन्यो, 'लौ बोल्नु होस्।' पैसा थापेर त्यस मान्छेले भन्यो, 'जिउँदो मान्छेले त केही गर्दैन मरेको मान्छेले झन के गर्छ?' त्यसपछि ऊ बोल्दै बोलेन। हर्कमानले भन्यो, 'किन चुप लाग्नु भएको?' त्यस मान्छेले जवाब दियो, 'तेरो एक रुपियाँको कुरा त सकिहाल्यो नि।' हे दैव, उकालो जम्मै बाँकी छ, एक रुपियाँ सकियो-यो सोच्दै हर्कमान विस्मातमा पऱ्यो र एकपल्ट फेरि जे होला उकालो त काटौँ देखाजाला भन्ने सोचेर हर्कमानले उसलाई एक रुपियाँ दियो। यसपल्ट त्यस मान्छेले 'चारजनाको बुझ लिनू' भन्यो र चुप लाग्यो। उकालो अझै बाँकी थियो तर त्यो मान्छे हर्कमानले कति बिन्ती गर्दा पनि बोलेन। हर्कमानले उससित बाँकी रहेको एक रुपियाँ पनि त्यस मान्छेलाई दिँदै भन्यो, 'लौ बोल्नु होस्।' त्यस मान्छेले भन्यो, 'अर्काले ओछ्याएको ओछ्यानमा नटक्टकाई नबस्नू।' यति भनेर त्यो मान्छे आफ्नो बाटो लाग्यो।

**91.** तलका मध्ये कुनमा 'एकबाजि' पदमा लागेको 'बाजि' शब्दका पर्यायवाची छन्?
(1) सट्टा, सरो, खेप (2) वटा, बार, पटक (3) चोटि, पल्ट, खेप (4) साथ, पक्ष, पालि

**92.** हर्कमानले बाटामा भेटेको मानिस को थियो?
(1) परिचित साथी (2) अचिनारु पथिक (3) स्थानीय ग्रामवासी (4) कुनै शिक्षक

**93.** 'विस्मात' शब्दको विपरीतार्थक कुन हो?
(1) दृढता (2) आश्चर्य (3) पीडा (4) हर्ष

**94.** 'सुरुसुरु' र 'लुरुलुरु' जस्ता शब्द कुन वर्गमा पर्दछन्?
(1) क्रियायोगी (2) नामयोगी (3) संज्ञा (4) विशेषण

**95.** 'यसको एउटा बोली त सुन्नै पऱ्यो।' - यस वाक्यमा आएको 'बोली' कस्तो शब्द हो?
(1) संज्ञा (2) विशेषण (3) क्रिया (4) क्रियाविशेषण

**96.** हर्कमानसित मोठ कति रुपियाँ थियो?
(1) पाँच रुपियाँ (2) चार रुपियाँ (3) तीन रुपियाँ (4) दुई रुपियाँ

**97.** हर्कमान कता जाँदै थियो?
(1) मकै पुऱ्याउन (2) मकैको भाउ बुझ्न (3) मकै छर्न (4) मकै लिन

Prepp
Your Personal Exams Guide

98. 'चारजनाको बुझ लिनू' भनेको के हो ?
(1) निर्णय गर्नअघि केही मान्छेको सल्लाह लिनू
(2) चारजनाले पछि कुरा काट्छन् भन्ने सोच्नु
(3) चारजना मान्छेले भनेको मात्र पत्याउनु
(4) आफू अरू केही मान्छेका साथी हुनु

99. बाटामा भेटिएको मानिसले भनेको कुरा कस्तो किसिमको थियो ?
(1) मनगढन्त
(2) बाटो काट्ने गफ
(3) उपदेशात्मक
(4) धोका दिने किसिमको

**निर्देश : निम्नलिखित कविता पढेर उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरू (100-105)-का उत्तर दिनु होस्।**

कति राम्रो छाया कति राम्रो घाम
चउरमा खेल्छन् दुवै एकै ठाम।
खोलावारिबाट खोलापारि तर्छन्
डाँडा वारिपारि लुकामारी गर्छन्।

जसै घाम बस्छ नरमाइलो मानी
उडी आउँछे छाया शीतल पङ्ख तानी।
जसै छाया बस्छे बिनु कोरीबाटी
अनि आउँछ घाम कालो मेघ काटी।

घामछाया मिली फुलमा रङ्ग भर्छन्
आफ्नो सिप हेरी आफै दङ्ग पर्छन्।
आकाशको चेलो धरतीकी चेली
सधैँ बालापन सधैँ हाँसीखेली।

100. 'नरमाइलो' शब्दको निर्माण कसरी भएको छ ?
(1) उपसर्ग प्रक्रियाले
(2) परसर्ग प्रक्रियाले
(3) उपसर्ग र परसर्ग दुवै प्रक्रियाले
(4) सन्धि प्रक्रियाद्वारा

101. 'बिनु कोरीबाटी' भनेको के हो ?
(1) बाटो बाटो नपर्खेर
(2) कुनै शृङ्गार नगरी
(3) चिसोमा जाडो मानेर
(4) केही पनि नगरी

102. 'वारि' र 'पारि' एकअर्कामा कस्ता शब्द हुन् ?
(1) पर्यायवाची
(2) अनुप्रासविहीन
(3) समश्रुतिमूलक
(4) विपरीतार्थक

103. कविले छायालाई कुन रूपमा हेरेका छन् ?
(1) धरतीकी छात्रा
(2) धरतीकी आमा
(3) धरतीकी बहिनी
(4) धरतीकी छोरी

104. घाम र छायाको रूप नित्य कस्तो छ ?
(1) केटाकेटीको जस्तो
(2) रिसाउने र फकाउने
(3) अनुभवी पाका मानिसको जस्तो
(4) बैँसालु जोडी जस्तो

105. 'दङ्ग पर्नु' भन्नाले के बुझिन्छ ?
(1) एकअर्कालाई हेर्नु र रमाउनु
(2) उफ्रिनु र थप्पडी बजाउनु
(3) प्रसन्न हुनु र छक्क पर्नु
(4) अचिनारु जस्तो भइदिनु

Prepp
Your Personal Exams Guide

**106.** तलका मध्ये कुन चाहिँ संस्थागत लेखनमा अन्तर्भुक्त हुँदैन?
(1) समवेदना पत्र (2) व्यावसायिक पत्र (3) व्यक्तिगत विवरण (4) निरूपण

**107.** भाषा अधिग्रहण तथा भाषा सिकाइमा जन्मजात प्राक्कल्पना भनेको के हो?
(1) सबै भाषाको व्याकरण हुन्छ अनि सबै नानीहरूले आफ्नै पाराले सिक्छन् भन्ने विचार यसले अस्वीकार गर्दछ।
(2) भौतिक अभ्यास अनि अनुबन्धद्वारा सबै मानिस भाषाहरू सिक्न सक्दछन् भन्ने यसले विश्वास गर्दछ।
(3) सबै मानिसहरूले जन्मिँदै भाषा ज्ञान धारण गरेका हुन्छन् भनी यसले विश्वास गर्दछ।
(4) स्वभाव रचनाकै परिणामस्वरूप भाषा पनि सिकिन्छ भन्ने यसले विश्वास गर्छ।

**108.** 'विषय-सापेक्षिक भाषा निवेश' कुन कुरासित सन्दर्भित छ?
(1) भाषा निवेश, जसले भाषा कसरी प्रयोग गरिन्छ भन्ने कुरामा ध्यान दिन्छ।
(2) निवेशको प्रस्तुति अनि यसका प्रणाली
(3) भाषा निवेश, जसले सूचनामा ध्यान दिन्छ।
(4) शब्द भण्डार, उच्चारण, व्याकरण इत्यादि

**109.** कुन पद्धतिले शब्दहरू अनि वाक्यांशलाई भाषा सिकाइको आधारका रूपमा ग्रहण गर्दछ?
(1) कार्य-आधारित भाषा सिकाइ (2) सम्पर्कपरक पद्धति
(3) कोशीय पद्धति (4) व्याकरण अनुवाद पद्धति

**110.** तलका मध्ये कुन चाहिँ विद्यालयको शिक्षामा बहुभाषावादको लक्ष्य होइन?
(1) स्कुलको शिक्षण-सिकाइका लागि विद्यार्थीहरूका भाषाहरूको प्रयोग गर्नु
(2) जतिसम्म सम्भव हुन्छ एउटा भाषाका रूपमा तथा शिक्षाको माध्यमका रूपमा मातृभाषा सिक्नु
(3) त्रिभाषा सूत्रका आडमा मातृभाषा, हिन्दी, अङ्ग्रेजी सिक्नु
(4) सबै नानीहरू आफ्नो मातृभाषाबाटै स्कुल-शिक्षा प्रारम्भ गर्छन् अनि अन्य धेरै (थोरैमा दुईवटा बेसी) भाषातिर अभिमुख हुन्छन्।

**111.** पाठको सामान्य सार बुझ्ने क्रममा वाणी एउटा लेख पढिरहेकी छन्। उनको पठन के भनेर जानिन्छ?
(1) निष्कर्ष निष्पादन (2) ध्यानपूर्वक छिटो छिटो पढ्नु
(3) सतही पठन (4) समीक्षीय पठन

**112.** विद्यालय-आधारित मूल्याङ्कनलाई प्रोन्नत गर्ने दुईवटा उपयुक्त पठनको चयन गर्नु होस् -
(a) शिक्षार्थी र शिक्षक दुवैमा स्वायत्तता प्रोन्नत गर्न यसले सघाउ पुऱ्याउँछ।
(b) स्कुललाई आफ्नै किसिमले योजना बनाउन यसले अवसर प्रदान गर्छ।
(c) परीक्षा-बोर्डको क्षमताको निगरानी यसले गर्छ।
(d) मूल्याङ्कनको योजनागत प्रक्रियामा शिक्षार्थीहरूले सक्रिय रूपले अंशग्रहण गर्ने कुरालाई यसले संलग्न गराउँदैन।
(1) (a) अनि (b) (2) (b) अनि (c) (3) (c) अनि (d) (4) (a) अनि (d)

**113.** कुन शिक्षागत दर्शनले तलका कुराको पक्ष लिन्छ?
व्याख्यानको पूर्व निर्धारित शृङ्खलाको साटो वास्तविक जगत्को जस्तो कार्यपीठिका वा मुद्दा-आधारित शिक्षा निहित शैक्षिक परिवेश प्रयोग गरिन्छ।
(1) देशीयतावाद (2) रचनात्मकतावाद (3) श्रव्यभाषिकतावाद (4) संज्ञानात्मकतावाद

Prepp
Your Personal Exams Guide

**114.** नयाँ व्याकरणिक रूप सिकिरहँदा कक्षा VI को विद्यार्थी राहुलले उसले सिकेका कुरा व्यावहारिक रूपमा संयोजन गर्न समर्थ हुन्छ। यसमा तलका मध्ये कुन नीति रहेको छ ?

(1) अन्वेषणपरक नीति
(2) संज्ञानात्मक नीति
(3) परसंज्ञानात्मक नीति
(4) संज्ञानात्मक र परसंज्ञानात्मक दुवै नीति

**115.** कक्षा VII की शिक्षकले सातवटा वाक्य भएको छोटो पाठ पढेर सुनाउँछिन्। त्यसपछि उनी विद्यार्थीहरूलाई सुनेर त्यही पाठकै नजिक नजिक हुने पाठ पुनर्सृजन गर्न भन्छिन्, तर त्यही पाठ जस्तै भने होइन। यस किसिमको नीतिलाई के भनिन्छ ?

(1) खाका रचना
(2) टप-डाउन नीति
(3) वटम-अप नीति
(4) अनुच्छेद श्रुतिलेखन

**116.** सिकाइ परिणामका उद्देश्यबारे तलको कुन चाहिँ सत्य हो ?

(a) विषयगत सिकाइ भन्दा बरु क्षमता-आधारित सिकाइलाई प्रोन्नत गर्नु
(b) भाषाका रचनात्मक प्रयोक्ता बन्न भाषागत कौशलमा विद्यार्थीहरूलाई समर्थ बनाउनु
(c) विषयमा प्रवीण हुनु अनि यसको प्रयोगमा योग्य हुनु
(d) विशेष कामहरूका लागि भाषा प्रयोग गर्न विद्यार्थीलाई समर्थ बनाउनु

(1) (c) मात्र सत्य हो।
(2) (b) र (c) सत्य हुन्।
(3) (c) र (d) सत्य हुन्।
(4) (a) र (d) सत्य हुन्।

**117.** व्याकरण अध्ययनका प्रसङ्गमा तलका मध्ये कुन कथनले सर्वोत्तम किसिमले 'प्रक्रियात्मक ज्ञान' को व्याख्या गर्दछ ?

(1) रूपबारे जान्नु
(2) व्याकरणिक रूप के हो भनी जान्नु र त्यसको प्रयोग गर्नु
(3) व्याकरणका नियमावली जान्नु र पछिबाट तिनको पुन:उत्पादन गर्नु
(4) व्याकरणका पुस्तकबाट व्याकरणिक रूपले कसरी काम गर्दछ भनी बुझ्नु

**118.** सरकारी हाई स्कुलमा अङ्ग्रेजी विषयकी शिक्षक श्रीमती उषा रानी आफ्ना विद्यार्थीहरूलाई अङ्ग्रेजी बोल्न सघाउ पुऱ्याउँछिन्, यसका लागि उनी रचनात्मक प्रयोग सिकाएर दिन-प्रतिदिनका व्यवहारमा उनीहरूलाई अङ्ग्रेजीको व्यवहार गर्ने बनाउँछिन्। उनी आफ्ना विद्यार्थीहरूमा कुन कुरा विकास गर्ने प्रयास गरिरहेकी छन् ?

(1) सम्पर्क कौशल
(2) अन्तर्व्यक्ति कौशल
(3) संज्ञानात्मक शैक्षिक भाषा दक्षता
(4) आधारभूत अन्तर्व्यक्ति सम्पर्क कौशल

**119.** कुनै शिक्षिकाले कक्षा VII का विद्यार्थीहरूका विशेष प्रकारका त्रुटिहरू सङ्ग्रहित गर्छिन् अनि विद्यार्थीहरूलाई तिनका त्रुटिप्रति सतर्क गराउन महिनामा एकपल्ट तीबारे चर्चा गर्छिन्। त्यस्ता त्रुटि कसले गऱ्यो भन्ने उनी देखाउँदिनन्। उनीहरूका त्रुटिमाथि प्रकाश पार्न उनी विद्यार्थीहरूलाई आग्रह गर्छिन्। यस्तो अभ्यासलाई के भनिन्छ ?

(1) व्याकरणको अध्ययन अनि सम्बद्धता
(2) व्याकरण शिक्षण
(3) फिडब्याक दिनु
(4) त्रुटि विश्लेषण

**120.** हामीले सुन्दा अनि हेर्दा चिन्ने-बुझ्ने शब्दहरूलाई के भनी चिनिन्छ ?

(1) शब्दावली
(2) उत्पादनमूलक शब्द भण्डार
(3) ग्रहणीय शब्द भण्डार
(4) हृदयग्राही शब्द भण्डार

Prepp
Your Personal Exams Guide

## PART-V

## LANGUAGE-II

## NEPALI

| |
|---|
| परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-V ( प्रश्न 121-150 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ। |

**निर्देश : निम्नलिखित गद्यपाठ पढेर उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरू ( 121-128 )-का उत्तर दिनु होस्।**

पैले आठ दस दिन चामे गौँथलीको नाम लिँदा पनि झम्टला भने जस्तो गर्थ्यो। तर पछि पछि अलि शून्य मान्न लाग्यो। विचार गर्‍यो – मुखाले भए पनि सारै जाँगरिली थी। मन लाएर एक भारी घाँस ल्याई भने भैँसी डम्म अघाउँथ्यो। बिहान बेलुकी एक गाँस पकाएर खान दिन्थी। ऊ गएदेखि तीन चार दिन भात खाएँ हुँला नत्र भने खालि भुटेका मकैका भरमा छु। ऊ हुन्जेल भैँसीले ट्याम ट्याममा दुध दिन्थ्यो। आफै दुहुन्थी। ऊ गएदेखि बिच्केको बिच्क्यै भो। सबैजना डाकेर ले भन्छन्। जुठे दाइकी स्वास्नी पनि त्यसै भन्थिन्। आए आउली नआए नआउली एकपटक लिन जानै पर्‍यो। भोलिपल्ट बिहान भात-सात खाएर चामे ससुराल जान तयार भो। सन्दुसबाट पनेलाको दौरा सुरुवाल झिकेर लगायो। टोपीमाथि गौँथलीले तपाखुको पोको राखिदिएकी रहिछ, कस लागेछ, कच्याककुचुक पनि भएछ। चामे रिसाएर फनफनाउन थाल्यो – ''राँडीको ढङ्ग हेर, माल पाएर के गर्नु चाल पाए पो हुन्छ। आफ्ना बाबु बराज्यूले बिर्के टोपी लगाएको भए पो थाहा पाउँथी, बाबु खाँडीको टोपी लाएर भाङ्राको गादो पारेर हिँड्छन् छोरी किन गतिली हुन्थी।'' एकछिन फतफताएर तानतुन पारेर टोपी लायो। इस्टकोट अर्को थिएन, उही पुरानो लगायो। ओढ्नेको कुटुरो पिठिउँमा छड्के पारेर बाँधेर हातमा झुत्रो छाता लिएर हिँड्यो।

**121.** 'गादो पार्नु' ले के बुझाउँछ?

(1) निम्न कोटिको कपडा लगाउनु
(2) घरमै बनाएको कपडा
(3) अर्काले दिएको जडाउरी कपडा
(4) जिउमा कपडा ओढ्ने शैली

**122.** 'कस लागेको' भन्नाले के बुझिन्छ?

(1) गन्ध सरेको
(2) खुम्चिएर बिग्रेको
(3) रङ उडेको
(4) दाग लागेको

**123.** गौँथली कस्ती थिई ?

(1) छुच्ची र घरका काम नगर्ने
(2) गाउँतिर डुल्न गइरहने
(3) घरका काममा व्यवहारकुशल
(4) जाँगरिली तर घरमा पटक्क नबस्ने

**124.** चामेले गौँथलीका विषयमा कस्ता कुरा सोचेको र बोलेको छ?

(1) गौँथलीका सकारात्मक र गुनिला कुरा
(2) गौँथलीका गुण र दोष दुवै
(3) गौँथलीले गरेको दोषका कुरा
(4) गौँथलीका माइतीलाई होच्याउने कुरा

**125.** 'माल पाएर के गर्नु चाल पाए पो हुन्छ।' – यस वाक्यमा प्रयुक्त लोकोक्ति कुन किसिमको हो?

(1) उखान (2) तुक्का (3) वाग्धारा (4) अड्को

**126.** 'भात-सात' शब्द कुन प्रक्रियाले बनिएको छ?

(1) सन्धि प्रक्रिया (2) समास प्रक्रिया (3) द्वित्व प्रक्रिया (4) सङ्क्षेप प्रक्रिया

Prepp
Your Personal Exams Guide

**127.** 'कच्याककुचुक' र 'तानतुन' कुन वर्गका शब्द हुन् ?

(1) क्रियायोगी (2) नामयोगी (3) क्रियापद (4) संज्ञा

**128.** जुठेकी स्वास्नीलाई चामेले के साइनो लाउनु पर्छ ?

(1) दिदी (2) बुहारी (3) भाउजू (4) बहिनी

**निर्देश : निम्नलिखित गद्यपाठ पढेर उपयुक्त विकल्पको चयन गरी तल दिइएका प्रश्नहरू (129-135)-का उत्तर दिनु होस्।**

कथा पढ्न धेरै समय लाग्दैन किनभने यो सानु हुन्छ औ छिट्टै पढिसकिन्छ। छोटो हुनु बाहेक कथामा अरू पनि केही गुण हुनु आवश्यक छ। यसको भाषा प्रभावोत्पादक र शैली चित्ताकर्षक हुनु पर्छ किनभने लेखक भाषा र शैलीको अधिकारी नभए कसरी सानु कथामा पाइने छोटो ठाउँमा उसले आफ्नो चरित्रको चित्रण गरी त्यसबाट पढ्नेका हृदयमा गम्भीर भाव उत्पन्न गराउन सक्छ ? यही भाव नै सानु कथाको प्राण तत्त्व हो। तर सो भाव कथामा दुधमा नौनी मिसिए झैँ नदेखिने गरी बसेको हुन्छ, त्यो देखियो वा त्यसलाई देखाउने प्रयासको गन्ध पनि पाइयो भने कथाको सुन्दरता र रोचकता नष्ट हुन्छ। यसैमा सानु कथाको कला छ औ यस्तै गरी कथा लेख्न सक्ने लेखक वास्तविक कलाकार हो। जुन भाव व्यक्त गर्नु परेको छ त्यो भावलाई समर्थन गर्ने कुरा बाहेक एउटा पनि अर्को कुरो सानु कथामा हुनु हुँदैन। जुन चरित्रको चित्रण गर्नु परेको छ त्यो बाहेक अर्को चरित्रको सानु कथामा ठाउँ छैन। अरू स्त्री पुरुषहरू कथामा आउलान् तर उनीहरू केवल मूल चरित्रलाई राम्ररी देखाउने वा बुझाउने साधन मात्र हुन्। कथाको विषय जे पनि हुन सक्छ तर यसको विकास सरलतापूर्वक हुनु पर्छ। पढ्नेले कथा पढ्दा सुरुसुरु बुझोस्। बिचमा जटिल गाँठा फुन उसले नपरोस्।

**129.** कथाका मुख्य गुण वा विशेषता के हुन् ?

(1) सङ्क्षिप्तता र गम्भीर भाव

(2) सङ्क्षिप्तता, गम्भीर भाव र प्राणतत्त्व

(3) सङ्क्षिप्तता, प्रभावकारी भाषा, मनोहारी शैली

(4) सङ्क्षिप्तता तथा चरित्र–चित्रण

**130.** कथामा कुन कुरा हुनु हुँदैन ?

(1) मूल भाव तथा चरित्रलाई समर्थन गर्ने, प्रासङ्गिक कुरा

(2) मूल भाव तथा चरित्रलाई समर्थन नगर्ने, अप्रासङ्गिक कुरा

(3) साधनका रूपमा अरू पात्र चरित्रका कुरा

(4) कथाको भाव विघ्नित गर्ने शैली

**131.** पाठकका हृदयमा गम्भीर भाव उत्पन्न गराउने सक्ने कथा लेख्नका निम्ति लेखक मुख्यत: कुन कुरामा प्रवीण हुनु पर्छ ?

(1) चरित्र चित्रण (2) भाषा र शैली (3) छोटो लेखाइ (4) भाव र प्राणतत्त्व

**132.** तलका मध्ये कुन कथन सही हो ?

(1) कथा लेखक पनि कलाकार हो। (2) कथा लेखक कलाकार होइन।

(3) सबै लेखक नै कलाकार हुन्। (4) कथा–साहित्य कला नै होइन।

Prepp Your Personal Exam Guide

Prepp
Your Personal Exams Guide

**133.** प्रभावोत्पादक भाव वा प्राणतत्त्व कथाका कुन रूपमा रहेको हुन्छ ?

(1) अनुभूत गर्न नसक्ने गरी (2) प्राय: यो भनी उल्लेख गर्न सकिने

(3) लेखकको सोझो वर्णनमा (4) प्राय: देख्न-देखाउन नसकिने गरी

**134.** तलका मध्ये 'जटिल' शब्दको विपरीतार्थक कुन हो ?

(1) संयुक्त (2) दुर्बोध (3) सरल (4) असाधारण

**135.** 'सुन्दरता' र 'रोचकता' कुन वर्गका शब्द हुन् ?

(1) विशेषण (2) क्रियायोगी

(3) संज्ञा (4) विस्मयादिबोधक

**136.** कुनै शिक्षकले कक्षा VIII का आफ्ना विद्यार्थीहरूलाई तलको काम दिन्छिन्। यसलाई कुन किसिमको लेखन भनेर व्याख्यायित गरिन्छ ?

जोडी जोडीमा, चर्चा-विमर्श, विचारहरूको टिपोट बनाऊ अनि तिनलाई पक्षमा दुईवटा तर्क राख्दै राम्रो लेखमा विकसित पार, विषयको विपक्षमा दुईवटा तर्क राख, विद्यार्थीहरूसित कुनै मुद्रित पुस्तक हुने छैन।

(1) व्यक्तिगत लेखन (2) व्याख्यात्मक लेखन (3) तर्कमूलक लेखन (4) वर्णनात्मक लेखन

**137.** भाषा अधिग्रहण तथा भाषा सिकाइको जन्मजात प्राक्कल्पनाबारे तलका मध्ये कुन सत्य हो ?

(1) यो अभिभावक, सहपाठी तथा नानीका छेउछाउ भएकाहरूको प्रयत्न हो अनि सँगसँगै भाषा अधिग्रहणमा परिवेशको पनि दायित्व रहन्छ।

(2) भाषा केवल अनि केवल मान्छे मात्रका लागि विशेष छ जसले भाषा बोल्न सक्दछन्।

(3) नानीहरूप्रति समर्पित भाषा शिक्षकले गम्भीर अभ्यास अनि ड्रिलका माध्यमले उनीहरूलाई भाषा ग्रहण गर्ने तुल्याउँछन्।

(4) नानीहरूप्रति वृत्तियोग्य भाषा शिक्षक नै नानीहरूमा भाषा अधिग्रहण, उत्पादनका लागि जिम्मावार छन्।

**138.** तलका मध्ये कुन चाहिँ बटम-अप श्रवण क्रियाकलाप हो ?

(1) श्रुतिलेखन, ध्यानपूर्वक सुन्नु, बहुविकल्पी प्रश्नहरूको प्रयोग, सकारात्मक तथा नकारात्मक कथन चिन्हित गर्नु

(2) सारांश लेख्नु, सम्पूर्ण सन्देश सुन्नु अनि पृष्ठ-ज्ञानको प्रयोग गर्नु

(3) यताउता भएका शब्दहरू सुनेको जस्तै गरी वाक्यमा पुन: मिलाउनु

(4) कविताको आवृत्ति, तात्क्षणिक वक्तृता, तर्क अनि विमर्श

**139.** भाषा शिक्षणमा 'सामग्रीहरूको शैक्षणिक अनुभूति'-ले के बुझाउँछ ?

(1) भाषा शिक्षा शास्त्रलाई प्रोन्नत गर्न क्रियाकलाप तथा कार्य सन्निहित गर्नु

(2) सामग्रीमा शिक्षा शास्त्र सन्निहित गर्नु जसले गर्दा शिक्षकले शिक्षा शास्त्र आत्मसात गर्न सकून्

(3) शिक्षकलाई उनको कक्षाकोठामा शिक्षाशास्त्र बुझ्न समर्थ बनाउनु

(4) कक्षाकोठाको प्रयोगका लागि विविध शैक्षणिक नीतिहरूको सूची बनाउनु

Prepp
Your Personal Exams Guide

**140.** 'स्कुलमा सबै शिक्षार्थीहरू मातृभाषामा उनीहरूको शिक्षा आरम्भ गर्छन् अनि स्कुलमा अघि बढ्दै जाँदा अन्य धेरै भाषाहरू थप्नतिर अग्रसर हुन्छन्।'

शिक्षामा–भाषा नीति अनुसार यसलाई के भनिन्छ ?

(1) संस्कृति विषयक शिक्षामा–भाषा नीति

(2) विद्यालय–शिक्षाका निम्ति त्रिभाषा सूत्र

(3) भाषा–शिक्षाका निम्ति आधारका रूपमा मातृभाषा

(4) मातृभाषा आधारित बहुभाषिकतावाद

**141.** कुनै सूचना प्राप्त गर्न सन्ध्या मसिन सिकाइमा कुनै लेख पढ्छिन्। उनको पठनलाई के भनेर चिनिन्छ ?

(1) सर्सती पठन (2) समीक्षीय पठन

(3) सतही पठन (4) ध्यानपूर्वक शीघ्र पठन

**142.** तलको कार्यलाई के भनी जानिन्छ ?

सानो पाठको एउटा अंशलाई दुईवटा भिन्न खण्ड पारिन्छ अथवा प्रत्येक विकल्प वाक्य एउटा जोडीलाई दिइन्छ अनि शिक्षार्थीले अर्कालाई श्रुतिलेखन गराउँछ र अर्काले लेख्छ। अर्का व्यक्तिले पनि सुनोस् र लेखोस् भनी यो प्रक्रिया उल्टो पारिन्छ, अनि पछिबाट उनीहरू सँगै काम गर्छन् र पाठलाई अन्तिम रूप दिन्छन्।

(1) अन्तर्सृजन (ट्रान्सक्रिएसन) (2) अनुच्छेद श्रुतिलेखन

(3) परस्पर श्रुतिलेखन (4) व्याकरण श्रुतिलेखन

**143.** 'सिकाइ भनेको अर्थ खोज्नु हो। त्यसैले, सिकाइ त्यस्ता कुराबाट नै आरम्भ गर्नु पर्छ जसका सेरोफेरोमा शिक्षार्थीहरू सक्रिय रूपले अर्थ निकाल्न खोजिरहेका हुन्छन्।'

कुन शिक्षागत दर्शनले माथिका विचारको पक्ष लिँदछ ?

(1) व्यवहारवाद (2) रचनात्मकतावाद (3) बहुमुखी प्रतिभा (4) संरचनावाद

**144.** 'रूप अभिमुखी भाषा निवेश' – ले के बुझाउँछ ?

(1) भाषा सिकाइका निम्ति गरिएका निवेशको अर्थ

(2) शब्दभण्डार, उच्चारण र व्याकरणको प्रयोग

(3) निवेश, जसले सूचनामा ध्यान केन्द्रित गर्छ

(4) लेख्नलाई सिकाइका निम्ति निवेशको क्षमता

**145.** तलका मध्ये कुन चाहिँ 'सिकाइका निम्ति आकलन' हो ?

(1) सिकाउने–सिक्ने प्रक्रियाका अवधिमा विद्यार्थीको प्रगति निरीक्षण अनि प्रवर्द्धन गर्न तयार पारिएको आकलन

(2) वर्षको अन्त्यमा विद्यार्थीको प्रगति बुझ्न अनि उनीहरूलाई उत्तीर्ण गर्ने मान्यताका निम्ति तयार पारिएको आकलन

(3) विशेष कुनै उमेरमा शिक्षार्थीहरूले आर्जन गरेका उपलब्धि खुट्याउन राज्यद्वारा गरिएको आकलन

(4) प्रत्येक सत्रान्तमा विद्यार्थीको प्रगति निरीक्षण गर्न तयार पारिएको आकलन

Prepp
Your Personal Exams Guide

**146.** उत्पादनशील शब्द भण्डार के हो ?

(1) शब्दहरू जुन हामी लेख्न र बोल्नमा प्रयोग गर्छौं।

(2) शब्दहरू जुन हामी सुन्दा चिन्छौं।

(3) शब्दहरू जुन चिन्न हामी असफल हुन्छौं।

(4) शब्दहरू जुन सुन्दा हामी कहिले काहीँ सम्झिन सक्छौं।

**147.** तलका मध्ये कुन चाहिँ कथनको अनुमोदन तपाईं कविताको शिक्षण-सिकाइका निम्ति गर्नु हुन्न ?

(1) कविता शिक्षार्थीका कल्पनाको अभ्यासका निम्ति हो।

(2) कविता भाषासित काम गर्नका लागि हो।

(3) कविता आनन्दका लागि हो।

(4) कविता व्याकरण शिक्षणका लागि हो।

**148.** शिक्षकले विविध विषय क्षेत्रका लागि प्रयोग गरिने भाषा प्रस्तुत गर्छन् अनि विद्यार्थीहरूसित अन्तर्क्रिया गर्छन्। यस्तो भाषिक कौशललाई के भनिन्छ ?

(1) आधारभूत अन्तर्व्यक्ति सम्पर्क कौशल (2) वास्तविक जीवनका लागि भाषा

(3) भाषागत प्रयुक्तिभेद (रेजिस्टर) (4) संज्ञानात्मक शैक्षिक भाषा दक्षता

**149.** तलको कथनले कुन किसिमको व्याकरणिक ज्ञान बुझाउँछ ?

रूप सम्बन्धी ज्ञान, त्यसको वर्णन गर्नु अनि सीमित अभ्यासमा त्यसको प्रयोग गर्नु।

(1) दक्षता (2) परसंज्ञानात्मक ज्ञान (3) प्रक्रियात्मक ज्ञान (4) घोषणात्मक ज्ञान

**150.** कुन कुरामा तलको कार्य संलग्न रहन्छ ?

शिक्षार्थीहरूलाई होटलको मेनु दिइन्छ अनि तिनीहरूले Rs. 1800 /- मा चारजना व्यक्तिका लागि खाना अर्डर गर्नु पर्छ। एकजना शाकाहारी छन्, अनि अर्को एकजनालाई च्याउ सम्बन्धी एलर्जी छ। उनीहरुले Rs. 70 अटो रिक्सामा घर फर्किनका लागि राख्नु पर्छ। शिक्षार्थीहरू के अर्डर गर्ने, उनीहरूलाई के के चाहिन्छ, अनि घर फर्किने पैसा राख्नु पर्ने भन्ने विषयमा कुरा गरिरहेका छन्।

(1) उच्चतर क्रम विचार कौशल (2) अध्ययन-संलग्न-आभासित-प्रयोग (भाषा)

(3) संज्ञानात्मक नीति (4) प्रस्तुति-अभ्यास-उत्पादन (भाषा)

- o O o -

